गोरखापत्र २०६२ साल माघ १७ गते सोमबार Monday, January 30, 2006

# देउराली–जनता फर्मास्युटिकलको १५औँ वार्षिकोत्सव

## राष्ट्रलाई औषधिमा आत्मनिर्भर बनाउने प्रतिबद्धता




देउराली–जनता फर्मास्युटिकल्सको १५औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शङ्कर शर्मा समारोहलाई सम्बोधन गर्नुहुँदै ।

**गोर्खापत्र समाचारदाता**

काठमाडौं, माघ १६ गते। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शङ्कर शर्माले मुलुकभित्रै गुणस्तरीय औषधिको उत्पादनले राष्ट्रिय अर्थतन्त्रमा सघाउ पुऱ्याउने विश्वास व्यक्त गर्दै यसक्षेत्रमा गरिने अध्ययन तथा अनुसन्धानले यहाँका उत्पादनले विश्व बजारमा प्रतिस्पर्धा गर्नसक्ने बताउनुभएको छ ।

उपाध्यक्ष शर्माले देउराली–जनता फर्मास्युटिकल्स प्रालिको १५औं वार्षिकोत्सवका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा सो प्रालिले औषधि निर्माणका क्षेत्रमा विश्व स्वास्थ्य सङ्गठनलगायत विभिन्न अन्तर्राष्ट्रिय मापदण्ड कायम गरेर नेपाली औषधि बजारलाई आन्तरिक तथा बाह्य क्षेत्रमा विश्वसनीय बनाएको छ भन्नुभयो ।

मानव जीवनसँग प्रत्यक्षतः सरोकार राख्ने उत्पादन भएकाले औषधिका उत्पादकले गुणस्तर र जनविश्वासलाई उच्च महत्त्व दिनुपर्ने आवश्यकतामा जोड दिँदै उहाँले खुला सिमानाका कारण नेपाल भित्रिने गुणस्तरहीन औषधिको नियन्त्रणमा निकै सफलता पाइएको पनि बताउनुभयो । उपाध्यक्ष शर्माले विश्व व्यापार सङ्गठनमा प्रवेश गरिएपछि नेपालको उत्पादन बजार थप प्रतिस्पर्धी भएको र यस्तो प्रतिस्पर्धा औषधि उत्पादकले पनि सामना गर्नुपर्ने स्पष्ट गर्नुभयो ।

कार्यक्रममा औषधि व्यवस्था विभागका महानिर्देशक भूपेन्द्रबहादुर थापाले २०६४ सालको अन्त्यसम्ममा मुलुकमा औषधिको अनधिकृत आयातलाई पूर्णतः नियन्त्रण गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो र भन्नुभयो "त्यसका लागि आवश्यक संयन्त्र तयार भइसकेको छ ।" उहाँले देउराली–जनता फर्मास्युटिकल्स प्रालि मुलुकको अग्रणी र गुणस्तरीय औषधि उत्पादक संस्था बनेकोमा खुसी व्यक्त गर्दै यसका उत्पादनलाई निर्यातमुखी बनाउनुपर्ने सुझाव दिनुभयो ।

यसैगरी, पूर्वराज्यमन्त्री बंशिधर मिश्रले निजीक्षेत्रको सहभागिताबिना औषधिको उत्पादनलाई प्रतिस्पर्धी र गुणस्तरीय बनाउन नसकिने धारणा राख्नुभयो । सरकारले निजीलाई प्रोत्साहित गरी मुलुकभित्रै आवश्यक औषधिको उत्पादन हुनसक्ने वातावरण बनाउनुपर्ने आवश्यकता छ भन्नुभयो ।

देउराली–जनता फर्मास्युटिकल्स प्रालिका कार्यकारी निर्देशक हरिभक्त शर्माले कम्पनी स्थापनाको डेढ दशकको अवधिमा नै अन्तर्राष्ट्रिय गुणस्तरका औषधि उत्पादन गरिएको र निकट भविष्यमा औषधि तथा स्वास्थ्य क्षेत्रमा वैज्ञानिक अध्ययन अनुसन्धानका थप प्रयास गरिने जानकारी दिनुभयो । उहाँका अनुसार सो संस्थाले अमेरिका, बेलायतलगायतका प्रतिष्ठित औषधि कम्पनीमा कर्मचारीलाई अध्ययन अनुसन्धानमा पठाएर भविष्यमा नेपालमा नै अन्तर्राष्ट्रिय स्तरका औषधिको उत्पादन तथा औषधि विज्ञानका क्षेत्रमा उत्कृष्ट अनुसन्धान गर्ने लक्ष्य रहेको बताउनुभयो ।

सरकारले आग्रह गरी अनुकूल वातावरण बनाएमा आफूहरू मुलुकको जुनसुकै जिल्लामा पनि यस्ता औषधि कारखानाको स्थापना गरी काम गर्न तयार रहेको उल्लेख गर्दै सरकारले राष्ट्रिय उत्पादनलाई संरक्षण दिनुपर्ने माग गर्नुभयो ।

सो कार्यक्रममा वरिष्ठ समाजसेवी चन्द्रविनोद चालिसेले धापासी गाविसमा देउराली–जनता फर्मास्युटिकल्स प्रालिको स्थापना भएबाट स्थानीय युवाले रोजगारी पाएकामा खुसी व्यक्त गर्दै सो प्रालिले विकास निमार्णका काममा सघाएर सामाजिक उत्तरदायित्व निर्वाह गरेको छ भन्नुभयो । देउराली–जनता फर्मास्युटिकल्स प्रालिका उपाध्यक्ष मणिरत्न तुलाधर, राष्ट्रिय बिक्री व्यवस्थापक मुकेन्द्रसिंह, अनुसन्धान तथा विकास व्यवस्थापक सरोज मानन्धरले सो प्रालिका आगामी योजनाबारेमा जानकारी दिनुभएको थियो ।

लगानी तथा उत्पादनका दृष्टिकोणमा नेपालकै ठूलो सो प्रालिले मुलुकमा पहिलोपटक विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड जीएमपी र आईएसओ १४००१ तथा ९००१ प्राप्त गरेको थियो । कम्पनीका अनुसार सो कम्पनीले हाल प्रतिसिफ्ट झोल १० लाख लिटर, ट्याबलेट १० करोडवटा, क्याप्सुल सात करोड २० लाखवटा र ड्राई पाउडर/ओआरएस तीन लाख किलोग्राम औषधि उत्पादन गरिरहेको छ । ३१ करोड १५ लाख रुपियाँ लगानी भएको सो कम्पनी पूर्णतः नेपाली लगानी तथा जनशक्तिमा सञ्चालित छ ।